राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

# प्रदेश समन्वय समितिको गठन तथा सञ्चालन कार्यविधी, २०७८

**प्रस्तावना**

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको कार्यक्रम नेपाल सरकारबाट संचालित राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यान्वयन हुँदै आएको भए पनि यसको कार्यक्षेत्र तिनै तहका सरकार (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह) को कार्यक्षेत्र भित्र पर्ने भएको हुँदा तीन तहका सरकार तथा अन्य सरकारी र गैर-सरकारी निकाय बीच समन्वय र सहकार्य गरी चुरे कार्यक्रम कार्यान्वयनमा एकरुपता र प्रभावकारिता ल्याउनका लागि चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना,२०७४ वमोजिम हुनेगरी राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१ को दफा २० ले दिएको अधिकार वमोजिम यो कार्यविधि तयार गरिएकोछ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भ**

(१) यस कार्यविधीको नाम "प्रदेश समन्वय समितिको गठन तथा सञ्चालन कार्यविधी, २०७८" रहेको छ ।

(२) यो कार्यविधी समितिवाट स्वीकृतभए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्य निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि लाभग्राहिहरु मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

ख) "उपभोक्ता समूह" भन्नाले कार्यान्वयन निकायले कार्यक्रम संचालनको लागि गठन गरेका कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, खानेपानी तथा सिंचाई उपभोक्ता समूह, महिला समूह जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियासिल रहेका समूहलाई बुझाउँछ ।

ग) "कार्यक्रम" भन्नाले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्झनु पर्दछ ।

घ) "कार्यान्वयन निकाय" भन्नाले समितिको स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सचिवालय, ५ वटा कार्यक्रम कार्यान्वयन इकाईहरु र नेपाली सेनाको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय सम्झनु पर्दछ ।

ङ) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

च) "सचिवालय" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सचिवालय सम्झनु पर्दछ ।

छ) "समिति" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति सम्झनु पर्दछ ।

ज) "स्थानीय तह" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको कार्य क्षेत्र भित्रपर्ने महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तीनका वडाहरुलाई समेत जनाउनेछ ।

३. उद्देश्य

(क) चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ ले अङ्गीकार गरेको लक्ष्य हासिल गर्न निर्धारण गरिएका उद्देश्यहरुले अपेक्षा गरेका उपलव्धीहरु पुरा हुने गरी कार्यक्रम कार्यान्वयन गर्न/गराउन आवश्यक समन्वय गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन निकायहरुवाट सम्पन्न गरिने कार्यक्रमहरु र कार्यक्रम सञ्चालन प्रकृयामा एकरुपता ल्याउने ।

४. प्रदेश स्तरीय श्रोत परिचालन समिति

नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजनाको रुपमा संचालन भई रहेको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी लैजानको लागि प्रदेश र स्थानीय तहको सहकार्य र समन्वय अति आवश्यक रहेको हुँदा प्रदेश अन्तर्गत गरिने चुरे संरक्षण कार्यक्रममा प्रदेश, स्थानीय तह र सरोकारवाला समेतको साझेदारी तथा सहलगानीमा गर्न गराउन श्रोत परिचालन गर्न देहाय बमोजिमका प्रतिनिधि रहने गरी प्रदेश स्तरीय श्रोत परिचालन समन्वय समितिको गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १) | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | -संयोजक |
| २) | राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सदस्य | -सह संयोजक |
| ३) | चुरे-तराई मधेश क्षेत्रका जिल्ला समन्वय समितिका प्रमुखहरु | -सदस्य |
| ४) | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव | -सदस्य |
| ५) | चुरे-तराई मधेश क्षेत्रका स्थानीय तहका प्रमुखहरु | -सदस्य |
| ६) | चुरे-तराई मधेश क्षेत्रका गैहसरकारी संघसंस्थाका प्रतिनिधिहरु कम्तिमा २ जना | -सदस्य |
| ७) | नीजि क्षेत्रको प्रतिनिधि (प्रदेश र कार्यक्रम कार्यान्वयन ईकाइ रहेको जिल्लाको उद्योग बाणिज्य संघ) २ जना | -सदस्य |
| ८) | प्रदेश स्तरीय वन, पानी, कृषिमा आधारित उपभोक्ता समूह/समिति महासंघका प्रतिनिधिहरु ३ जना | -सदस्य |
| ९) | प्रदेश स्तरका गै.स.स. महासंघका प्रतिनिधि १ जना | -सदस्य |
| १०) | कार्यक्रम कार्यान्वयन इकाई प्रमुख | -सदस्य सचिव |

यस समितिमा संयोजक र सह संयोजकको सल्लाहमा आवश्यकता अनुसार आमन्त्रित सदस्यहरु थप गर्न सकिने छ ।

५) प्रदेश समन्वय समिति

चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना बमोजिम प्रदेश स्तरमा गरिने चुरे संरक्षण कार्यक्रमहरुको कार्यान्वयन गर्न देहाय बमोजिमका प्रतिनीधी रहने गरी प्रदेश समन्वय समितिको गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १) | राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिका सदस्य | -संयोजक |
| २) | प्रदेश वन निर्देशक | -सदस्य |
| ३) | चुरे-तराई मधेश क्षेत्रका जिल्ला समन्वय अधिकारीहरु | -सदस्य |
| ४) | चुरे-तराई मधेश क्षेत्रका डिभिजन वन अधिकृतहरु | -सदस्य |
| ५) | चुरे-तराई मधेश क्षेत्रका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृतहरु | -सदस्य |
| ६) | चुरे-तराई मधेश क्षेत्रका कृषि ज्ञान केन्द्र प्रमुखहरु | -सदस्य |
| ७) | चुरे-तराई मधेश क्षेत्रका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुखहरु | -सदस्य |
| ८) | चुरे-तराई मधेश क्षेत्रका जल तथा सिंचाई व्यवस्थापन डिभिजन प्रमुखहरु | -सदस्य |
| ९) | चुरे-तराई मधेश क्षेत्रका भौतिक पुर्वाधार विकास सम्बन्धी कार्यलय प्रमुखहरु | -सदस्य |
| १०) | चुरे-तराई मधेश क्षेत्रका स्थानीय तहका कार्यकारी अधिकृतहरु | -सदस्य |
| ११) | चुरे-तराई मधेश क्षेत्रका वन, पानी, कृषिमा आधारित उपभोक्ता समूह/समितिका प्रतिनिधिहरु ३ जना | -सदस्य |
| १२) | चुरे-तराई मधेश क्षेत्रका गैहसरकारी संघसंस्थाका प्रतिनिधिहरु कम्तिमा ३ जना | -सदस्य |
| १३) | कार्यक्रम कार्यान्वयन इकाई प्रमुख | -सदस्य सचिव |

**६. समन्वय समितिको बैठक**

(१) प्रदेश स्तरीय श्रोत परिचालन समन्वय समितिको बैठक वर्षमा कम्तिमा १ पटक र प्रदेश समन्वय समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नेछ।

(२) संयोजक र सह संयोजकको परामर्शमा सदस्य सचिवले समन्वय समितिको बैठक आयोजना गर्नेछन् ।

(३) सदस्यहरुलाई बैठकको सूचना कम्तिमा ३ दिन अगाडी दिनु पर्नेछ ।

(४) पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता संयोजकले गर्नेछन् र संयोजकको अनुपस्थितिमा समितिका सह संयोजकले गर्नेछन् ।

(६) समन्वय समितिले चुरे क्षेत्रसंग सरोकार राख्ने कुनै विशेषज्ञ, व्यक्ति वा सरोकारवाला निकायका प्रतिनीधिलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) बैठकमा भएका निर्णयलाई सदस्य-सचिवले निर्णय पुस्तिकामा अभिलेख राखी प्रमाणित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(८) बैठक संचालन सम्बन्धी अन्य कार्यविधि संयोजक, सह संयोजक र सदस्य सचिवले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) दुबै समितिको सचिवालय सम्बन्धित कार्यक्रम कार्यान्वयन ईकाइ कार्यालयमा रहनेछ ।

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

७. काम, कर्तब्य तथा अधिकार

क) प्रदेश स्तरीय श्रोत परिचालन समितिको काम, कर्तव्य तथा अधिकार

- चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि आवश्यक नीति तथा रणनीति तर्जुमा गर्न मार्गदर्शन गर्ने,
- गुरु योजनाले परिकल्पना गरे बमोजिम चुरे क्षेत्रको संरक्षण गर्न आवश्यक पर्ने प्राविधिक तथा वित्तीय स्रोत जुटाउन पहल गर्ने,
- नदी प्रणालीको आधारमा कार्यक्रम कार्यान्वयन गर्दा उपल्लो तथा तल्लो तटीय क्षेत्र वीचको सम्बन्ध स्थापित हुने गरी सहजीकरण गर्ने,
- तिनै तहका सरकार लगायत विकास साझेदारवाट एकीकृत रुपमा नदी प्रणाली भित्र कार्यक्रम वजेट विनियोजन गर्न पहल गर्ने ।
- चुरे क्षेत्रमा विकास आयोजनाहरु कार्यान्वयन गर्दा चुरे क्षेत्रका प्राकृतिक स्रोत र साधनलाई क्षति कम हुने गरी विकास योजना सञ्चाल गर्न समन्वय गर्ने
- दुई वा दुई भन्दा बढी स्थानीय तहहरुमा फैलिएका नदी प्रणालीहरुमा कार्यक्रम कार्यान्वयन गर्दा समन्वय र सहजीकरण गर्ने ।
- चुरे क्षेत्रको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने ।

ख) प्रदेश समन्वय समितिको काम, कर्तव्य तथा अधिकार

- चुरे क्षेत्रको कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित प्रदेशमा अन्तर-निकाय समन्वय गर्ने ।
- सम्बन्धित प्रदेशमा कार्यक्रम तर्जुमा, कार्यान्वयनमा सहजता प्रदान गर्ने र नतिजामा आधारित अनुगमन, समीक्षा गरी पृष्टपोषण गर्ने ।
- कार्यक्रम सञ्चालनमा समस्या सिर्जना भएमा समाधानका लागि पहल गर्ने।
- विभिन्न निकायहरुका स्रोत तथा कार्यक्रमलाई एकीकृत गर्ने र एक अर्काका परिपूरक बनाउने।
- संरक्षणका कार्यक्रम तथा आयोजनाहरूमा एकीकृत अवधारणा विकास गर्ने ।
- कार्यक्रम सञ्चालनमा दोहोरोपन आउन नदिन अन्तर-निकाय सूचना आदान-प्रदान गर्ने गराउने ।
- समितिले गरेका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायलाई जानकारी गराउने

८. बैठक व्यवस्थापन सम्बन्धि ब्यवस्था

दुबै समितिहरुको बैठक व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाईले गर्नेछ ।

९. विविध :

यस कार्यविधिमा उल्लेख नभएका र प्रचलित कानुनसङ्ग बाझिएका विषयमा प्रचिलत कानून बमोजिम हुनेछ । चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना परिमार्जन गर्दा यो कार्यविधि चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजनाको अङ्ग हुनेछ ।